# पहिलो पृष्ठबाट जारी....

**पक्कीटोल...**

संस्थानले साउन २ गते महासंघलाई लिज पाएको सूचना सार्वजनिक गरेको थियो भने साउन ९ गते सम्झौताका लागि पत्र पठाएको थियो । अन्ततः साउन १९ गते सम्झौता सम्पन्न भएको थियो ।

बार एसोसिएसनको तर्फबाट यसबारे आधिकारिक प्रतिक्रिया सार्वजनिक नभए पनि, स्थानीय कानुन व्यवसायीहरूले सो स्थानमा भवन निर्माण हुन नहुने र प्रयोगमा विवाद हुने दाबी गर्दै आएका छन् । अध्यक्ष बन्जाराले भदौ ५ गते दुवै पक्षलाई छलफलका लागि बोलाइएको जानकारी दिँदै ५ गते नै विषयको टुंगो लाग्ने विश्वास व्यक्त गरेका छन् । “विद्वान अधिवक्ताहरूबाट यस्तो व्यवहार हुनु समाजकै लागि प्रश्नको विषय हो। अदालतले सबैलाई न्याय दिन्छ, हामीलाई पनि न्याय मिल्नेमा ढुक्क छौं,“ उनले भने ।

# धनगढीमाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**(राजश्व उप-शाखा)**

**धनगढी, सिरहा**

**मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का बन्दोबस्त सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति :२०८२/०४/२८**

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जो जे अवस्थामा छन सोही अवस्थामा नै आ.व. २०८२/०८३ देखी २०८४/८५ असार मसान्त सम्मको लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही निम्न अनुसार रहेको पोखरीहरुको शिलबन्दी दरभाउपत्र पेश गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ तथा रकम र सरकारी ठेका बन्दोबस्त ऐन २०२० तथा यस नगरपालिकाको आर्थीक ऐन २०८२ को दफा ४ को उपदफा ३ बमोजिम सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व उप–शाखाबाट रु.१०००/– को (पछि फिर्ता नहुने गरी) रसिद काटी दरभाउ पत्र खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउ पत्र आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सोह्रौ दिन दिनको १२ बजेसम्म दरभाउ पत्र पेश गर्नेको नाम र ठेगाना तथा आफूले ठेक्का लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउदा शिलवन्दी निवेदन सँग आफूले कवोल गरेको रकमको ५ प्रतिशतले हुने रकम यस धनगढीमाई नगरपालिकाको धरौटी खाता नं.२६४०२४७७०२८०००१२ कुमारी बैंक धनगढी शाखा, सिरहामा जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. दर्ता भएका दरभाउ पत्रहरु शर्त नं. २ मा उल्लेखित भएको दिनको २ बजे सम्बन्धित कार्यालय तथा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ तर निजको प्रतिनिधि उपस्थिति नभए पनि खोल्न वाधा पर्ने छैन।

४. दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु सार्वजनिक बिदाको भोलि पल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।

५. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन कुनै कारण वश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टाँस गरी जानकारी गराइने छ। साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. ठेक्का स्वीकृत भए पश्चात रकम बुझाउदा सम्बन्धित व्यक्तिले २ किस्तामा रकम बुझाउन सकिनेछ। किस्ता रकम बुझाउदा प्रथम किस्ता कबोल अंकको ५० प्रतिशत चलनपूर्जी लिनु अगावै र दोस्रो किस्ता आ.व.२०८३/८४ को प्रथम चौमासिक भित्रै बुझाउनुपर्ने छ। उक्त समय भित्र नबुझाए ठेक्का वदर गरी पोखरीमा रहेको माछा/धरौटी जफत गरी कार्यालयले पुनः अर्को ठेक्का वन्दोवस्त गर्ने छ। साथै दोस्रो किस्ता वापत हुने रकम बराबरको कम्तिमा १३ महिना अवधि भएको बैंक ग्यारेन्टी बुझाउनु पर्ने।

८. रित नपुगेको तथा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।

९. दररेट भर्दा मूल्य अभिवृद्धि कर(VAT ) वाहेकको दररेट भर्नु पर्नेछ।

१०. पोखरीको संरचना आफूखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तिवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

११. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१२. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

**पोखरीको विवरण**

| क्र.स. | ठेक्का नं. | पोखरीको नाम | ठेगाना | ठेकारकम | पोखरीको पानीको क्षेत्रफल | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | DH–MUN–०३-०८२-०८३ | संयुक्त पोखरी बाखर | धनगढीमाई न.पा. १ | ३,८५,५००/– | १ बिघा १५ कट्ठा | |
| २ | DH–MUN–०४-०८२-०८३ | बमभोला पोखरी | धनगढीमाई न.पा.१ | ८८,०००/– | ८ कट्ठा | |
| ३ | DH–MUN–०५-०८२-०८३ | मेदनीपुर पोखरी | धनगढीमाई न.पा.१ | ६६,०००/– | ६ कट्ठा | |
| ४ | DH–MUN–०६-०८२-०८३ | कुजविर पोखरी | धनगढीमाई न.पा.१ | १,३७,५००/– | १२ कट्ठा १० धुर | |
| ५ | DH–MUN–०७-०८२-०८३ | करचीवारी पोखरी | धनगढीमाई न.पा.१ | ७७,०००/– | ७ कट्ठा | |
| ६ | DH–MUN–०८-०८२-०८३ | गडही पोखरी भवानीपुर | धनगढीमाई न.पा.२ | ८८,०००/– | ८ कट्ठा | |
| ७ | DH–MUN–०९-०८२-०८३ | देवल सुव्वा सानो पोखरी | धनगढीमाई न.पा.३ | १,३२,०००/– | १२ कट्ठा | |
| ८ | DH–MUN–१०-०८२-०८३ | राम जानकी मंदिर पोखरी | धनगढीमाई न.पा.३ | ९९,०००/– | ९ कट्ठा | |
| ९ | DH–MUN–११-०८२-०८३ | देवल सुव्वा ठुलो पोखरी | धनगढीमाई न.पा.३ | २,४२,०००/– | १ विघा २ कट्ठा | |
| १० | DH–MUN–१२-०८२-०८३ | दिलहरी पोखरी | धनगढीमाई न.पा.३ | १,७६,०००/– | १६ कट्ठा | |
| ११ | DH–MUN–१३-०८२-०८३ | अलुवावाध पोखरी | धनगढीमाई न.पा.३ | ८२,५००/– | ७ कट्ठा १० धुर | |
| १२ | DH–MUN–१४-०८२-०८३ | देवी टोकी पोखरी | धनगढीमाई न.पा.७ | २,२०,०००/– | १ विघा | |
| १३ | DH–MUN–१५-०८२-०८३ | गर्जेवाँध सानो पोखरी | धनगढीमाई न.पा.८ | २,८०,०००/– | १ विघा १५ कट्ठा | |
| १४ | DH–MUN–१६-०८२-०८३ | जोगीयावाला टेलको पोखरी | धनगढीमाई न.पा.८ | ४८,०००/– | ६ कट्ठा | |
| १५ | DH–MUN–१७-०८२-०८३ | चैनपुर पोखरी | धनगढीमाई न.पा.९ | २४,०००/– | ३ कट्ठा | |
| १६ | DH–MUN–१८-०८२-०८३ | राम जानकी पोखरी | धनगढीमाई न.पा.९ | ८०,०००/– | १० कट्ठा | |
| १७ | DH–MUN–१९-०८२-०८३ | डवरा पोखरी | धनगढीमाई न.पा.१० | २७,५००/– | २ कट्ठा १० धुर | |
| १८ | DH–MUN–२०-०८२-०८३ | सोनापुर पोखरी | धनगढीमाई न.पा.११ | ३,३०,०००/– | १ विघा १० धुर | |
| १९ | DH–MUN–२१-०८२-०८३ | भीखारी पोखरी | धनगढीमाई न.पा.११ | १,६५,०००/– | १५ कट्ठा | |

**–प्रमुख प्रशासकीय अधिकृत**

## खेल समाचार

# काठमाण्डौ महानगरले गर्‍यो रबिन्द्र ढाँटलाई २ लाखबाट सम्मान




**इजोर दैनिक/काठमाण्डौ**

साउन २७ गते । काठमाडौं महानगरपालिकाले म्याट्रिक्स फाइट नाइट १७ (एमएफएन १७) च्याम्पियन नेपाली एमएमए फाइटर रवीन्द्र ढाटलाई २ लाख रुपैयाँसहित सम्मान गरेको छ ।

यस्तै, प्रथम खोखो विश्वकप २०२५ मा उपविजेता बनेका महिला र पुरुष टोलीलाई ११-११ लाख रुपैयाँ गरी जम्मा २२ लाखको चेकसहित सम्मान गरेको छ ।

खोखोको रकम व्यवस्थापन नेपाल खोखो संघले नै गर्नेछ । सम्मान कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सामाजिक विकास समितिका संयोजकलगायतको उपस्थिति रहेको थियो । यो सम्मान सामाजिक विकास समितिको सिफारिसमा गरिएको हो । उक्त सम्मान कार्यक्रममा बोल्दै सामाजिक विकास समितिका संयोजक रामकुमार केसीले यस्ता खेलले नेपालको शिर ठाडो बनाएको बताए ।

कार्यक्रममा केसीले भने, “महानगरपालिकाले नेपालको तर्फबाट खेल्ने टोलीहरूलाई विगतमा पनि सम्मान गर्दै आएको छ र भविष्यमा पनि निरन्तरता दिनेछ ।”

नेपालका रवीन्द्र ढाटले भारतको नोएडामा भएको म्याट्रिक्स फाइट नाइट (एमएफएन) १७ मा बान्टमवेट च्याम्पियनको उपाधि जितेका थिए । सम्मान ग्रहणपछि ढाटले महानगरपालिकाको सम्मानले आफूलाई थप हौसला मिलेको बताए । उनले भने, “हजुरहरूले खेलाडीलाई सम्मान गर्नभएकोमा म धेरै खुशी छु । अब आगामी दिनमा अझ राम्रो प्रदर्शन गर्ने कोसिस गर्नेछु । यो सम्मानले हामीलाई अगाडि बढ्न थप प्रेरणा दिन्छ ।”

त्यस्तै, खोखोको पुरुष टोलीले नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर हलमा भएको फाइनलमा आयोजक भारतसँग ५४-३६ को अन्तरले पराजय बेहोरेको थियो । खोखो टोलीका कप्तानले मन्तव्य राख्दै सम्मानले हौसला बढाएकोमा धन्यवाद व्यक्त गरे । उनले भने, “हामी खो-खो खेलमा जाँदा जस्तो उत्साह थियो, त्यस्तै उत्साह अहिले काठमाडौं महानगरपालिकाले सम्मान कार्यक्रम गरेर थपिदिएको छ । हामी खेलाडीको तर्फबाट यो सम्मानले निकै खुशी लागेको छ । गुरुहरू र सबैलाई धन्यवाद दिन चाहन्छु ।”

महिला टोलीले फाइनलमा भारतसँग ७८-४० को अन्तरले पराजय बेहोरेको थियो ।

रवीन्द्र ढाटले भारतका चोंगरेंग कोरेनलाई तेस्रो राउन्डमा पराजित गर्दै यो उपाधि हासिल गर्नभएको थियो । यो जितले रवीन्द्रको व्यावसायिक रेकर्ड ८-१ मा सुधार भएको छ भने कोरेनको पाँच फाइटको रेकर्ड तोडिएको छ । बझाङका रवीन्द्र यो उपाधि जित्ने पहिलो नेपाली फाइटर बनेका छन् । यो कुनै पनि टिम खेलमा नेपालले विश्वकप फाइनल खेलेको पहिलो अवसर हो ।

# विदेश पठाउने भन्दै लाखौं ठग्ने चार जना पक्राउ

**इजोर दैनिक/काठमाडौं**

साउन २७ गते । बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभन देखाई वैदेशिक रोजगारीका नाममा लाखौं रुपैयाँ ठगी गर्ने चार जना पक्राउ परेका छन् ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा झापा विर्तामोड नगरपालिका-५ की ४३ वर्षीया अञ्जु कोइराला र भक्तपुर नगरपालिका-१० का १९ वर्षीय आभास कोइराला छन् । माल्टा पठाइदिने भन्दै तीन जना पीडितबाट १३ लाख रुपैयाँ ठगी गरेको आरोपमा उनीहरू पक्राउ परेका हुन् । उनीहरूलाई २६ गते काठमाडौं महानगरपालिका-१२ बाट पक्राउ गरी जिल्ला प्रहरी परिसर भद्रकाली पठाइएको प्रवक्ता प्रहरी उपरीक्षक काजीकुमार आचार्यले बताए । त्यसैगरी, रामेछाप उमाकुण्ड गाउँपालिका-१ की ३० वर्षीया चित्र कुमारी बस्नेत पक्राउ परेकी छिन् । मौरिसस पठाइदिने भन्दै तीन जना पीडितबाट २२ लाख रुपैयाँ असुली गरेको आरोपमा उनी पक्राउ परेकी हुन् । हाल काठमाडौं बुढानिलकण्ठ नगरपालिका-१ बसोबास गर्दै आएकी उनलाई सोही दिन ललितपुर महानगरपालिका-२६ बाट पक्राउ गरी वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको छ ।

दाङको तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १२ का ४९ वर्षीय सुनिल विकलाई अमेरिका पठाइदिने भन्दै चार जना पीडितबाट विभिन्न समयमा जम्मा ५६ लाख १५ हजार रुपैयाँ ठगी गरेको आरोपमा पक्राउ गरिएको छ ।

इजोर दैनिकको लागि प्रकाशक/सम्पादक : धर्मेन्द्र कुमार पासवान (९८५२८३४४३४, ९८०२८३४४३४), सल्लाहकार : महेन्द्र पासवान, व्यवस्थापक : रोशन कुमार पासवान, मुख्य कार्यालय : औरही गाउँपालिका-४, सिरहा, ईमेल : ijordaily@gmail.com, मुद्रण : आयुष्मान अफसेट प्रेस, लहान ।